# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२० गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, त्रि.वि. शिक्षण अस्पताल परिसर महाराजगञ्ज, काठमाडौंमा मेडिकल ल्याब टेक्नोलोजिष्ट(प्राविधिक अधिकृत प्याथोलोजी) पदमा कार्यरत राजेश्वर मेहताले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र उपयोग गरी सरकारी पद धारण गरी भ्रष्टाचार गरेको भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले Bihar Intermediate Education Council भारतबाट I.Sc. तह उत्तीर्ण गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नियुक्ति लिई लाभ समेत लिएको पुष्टि भएको देखिन आएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कसुरको मात्रा अनुसार जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता